# दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

| खण्डः १० | संख्याः १ | २०८३ असार ३२ |
|---|---|---|

दुल्लू नगरपालिका,नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भागः१

## दुल्लू नगरपालिकाको आर्थिक ऐन,२०८३

**प्रस्तावनाः** दुल्लू नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दुल्लू नगरकार्यपालिकाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “आर्थिक ऐन, २०८३” रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि दुल्लू नगरपालिका क्षेत्र भर लागू हुनेछ।

२. **सम्पति करः** (१) दुल्लू नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचना र संरचनाले चर्चेको जग्गामा सम्पत्ति कर लगाई असूल गरिनेछ।

(२) उपदफा(१) बमोजिम लगाइने सम्पत्ति करको दर, भवनको मुल्याङ्कन, भवनको ह्रास कट्टी प्रतिशत तथा ह्रास कट्टी गर्ने अवधि र जग्गाको मुल्याङ्कन दर क्रमशः अनुसूची–१,२,३ र ४ मा उल्लेख भए बमोजिम हुनेछ।

३. **भुमिकरः** (१) नगरपालिका क्षेत्रभित्र अनुसुचि(५) बमोजिम भुमिकर/मालपोत कर लगाइनेछ।

४. **घर वहाल करः** (१) दुल्लू नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले व्यापारिकि प्रयोजनका लागि भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको १० प्रतिशत घर वहाल कर लगाइने छ।

(२) दुल्लू नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले आवास प्रयोजनका लागि भवन, घर पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको ८ प्रतिशत घर वहाल कर लगाइने छ।

(३) दुल्लू नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले व्यावसायिक प्रयोजनका लागि जग्गा पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको ८ प्रतिशत घर वहाल कर लगाइने छ।

(४) दुल्लू नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कृषि प्रयोजनका लागि जग्गा पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको ५ प्रतिशत घर वहाल कर लगाइने छ।

(५) कर दाखिला गर्ने दायित्व तथा जिम्मेवारी घर/जग्गाधनीको हुनेछ। सम्पत्ति कर र बहालकर एकै साथ असुल गरिनेछ।

(६) जग्गाको मुल्य, बाटो, व्यवसायिक तथा आवासीय प्रयोजनका आधारमा न्यूनतम बहाल अंक नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ तर नगरपालिकाले नतोकेसम्म उपदफा १,२,३ र ४ बमोजिम बहाल कर असुल गरिनेछ।

(७) आवासीय प्रयोजनका लागि प्रयोग भएको बहालको हकमा घरधनीले स्वघोषणा गरी बहालकर तिर्नु पर्नेछ ।

(८) नगर कार्यपालिकाले न्यूनतम बहाल करको अंक तोकेको अवस्थामा सो भन्दा कम सम्झौता भएको वा स्वघोषणा भएको भए न्यूनतम अंकलाई आधारमानी बहालकर असुल गरिनेछ।

५. **व्यवसाय करः** (१) दुल्लू नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी तथा आर्थिक कारोबारका आधारमा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाइनेछ।

(२) दुल्लू नगरपालिका क्षेत्रभित्रमा स्थापना तथा संचालन हुने गरी दर्ता र नवीकरण हुने १० लाख सम्म पुँजी भएका वाणिज्य र ३ लाख सम्म पुँजी भएका लघु उद्योग व्यवसायहरुको प्रकृतिका आधारमा कर्णाली प्रदेशको प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐनले तोकेको शुल्क लिई प्राइभेट तथा साझेदारी फर्महरुको दर्ता तथा नवीकरण गरिनेछ।

(३) अन्य निकायमा दर्ता भएका तर दुल्लू नगरपालिकाको करको दायरामा नआएका करदाताहरुका हकमा आर्थिक वर्ष २०७४/७५ लाई आधार वर्ष मानि व्यवसाय कर असुल गरिनेछ।

(४) व्यवसाय नवीकरण गर्दा नगरपालिकामा वहाल कर भुक्तानी भएको एकिन गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** (१) दुल्लू नगरपालिकाको आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मुल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण गरी तोकिएको परिमाणमा नदीजन्य पदार्थहरु(स्लेट, ढुंगा, बालुवा एवम् माटो) को कर्णाली प्रदेशको आर्थिक ऐनले तोकेको दरमा बिक्री गर्नेछ।

(२) दुल्लू नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, खर, कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेक अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे बापत जडीबुटी, कवाडी तथा जीवजन्तु कर अनुसुची १३ बमोजिम लगाइने छ।

(३) उपदफा(१) बमोजिम बिक्री बापत प्राप्त रकम विभाज्य कोषमा राखी कर्णाली प्रदेशको आर्थिक ऐन बमोजिम प्रदेश र नगरपालिका बिच बाँडफाँड गरिनेछ।

७. **सवारी साधन करः** (१) राजस्व बाँडफाँडबाट सवारी साधन कर बापत कर्णाली प्रलेश सरकारबाट प्राप्त हुने रकम आम्दानी बाँधिनेछ।

(२) उपदफा (१) बाहेकका नगरपालिका क्षेत्रभित्र दर्ता भई सञ्चालन भएका टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सामा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **सिफारिस दस्तुर :** (१) दुल्लू नगरपालिकाबाट आ.व.२०८३/०८४ मा विभिन्न प्रकारका सिफारिस बापत अनुसूची (५) बमोजिम सिफारिस दस्तुर लिइनेछ।

९. **विज्ञापन करः** (१) दुल्लू नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ११ बमोजिमको विज्ञापन कर लगाई असुल उपर गरिनेछ।

(२) विज्ञापन करबाट उठेको रकम मध्ये साठी प्रतिशत रकम नगरपालिकाको संञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ।

१०. **मनोरञ्जन करः** (१) दुल्लू नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका मनोरन्जनात्मक व्यवसायबाट कर्णाली प्रदेशको आर्थिक ऐनले तोकेको आधार र दरमा कर असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमका व्यवसायीहरुले मनोरञ्जन कर बुझाउँदा व्यवसाय कर, वहाल कर र सम्पत्ती कर समेत बुझाउनु पर्नेछ।

(३) मनोरञ्जन करबाट उठेको रकममध्ये साठी प्रतिशत रकम नगरपालिकाले सञ्चितकोषमा राखी बाँकी चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ।

११. **बहाल बिटौरी शुल्कः** (१) दुल्लू नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा नगर कार्यपालिकाले निर्णय गरे बमोजिम बहाल बिटौरी शुल्क लगाइने छ।

१२. **पार्किङ शुल्कः** (१) दुल्लू नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत नगर कार्यपालिकाले निर्णय गरे बमोजिम पार्किङ शुल्क लगाइनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** (१) दुल्लू नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेकास्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट स्थानीय सरकार संचालन ऐन तथा नियमावली एवं यस सम्वन्धी प्रदेश कानुनको अधिनमा रही नगर कार्यपालिकाले निर्णय गरे बमोजिम शुल्क लगाइने छ।

१४. **पर्यटन शुल्कः** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा (२) को (ग) अनुसार नगरपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका पर्यटकीय स्थलको सेवा उपभोग गरे बापत नगर कार्यपालिकाले तोकेको दरमा सेवा शुल्क लगाई स्थानीय सञ्चित कोषमा जम्मा गरिनेछ।

(२) कर्णाली प्रदेशको आर्थिक ऐनको व्यवस्था अनुसार प्रदेश सरकारले निर्माण गरी सञ्चालनमा रहेका पर्यटकीय स्थल तथा क्रियाकलाप र पर्यापर्यटनमा पर्यटन शुल्क लगाई असुल गरिनेछ।

(३) उपदफा (२) बमोजिम संकलित रकम मध्ये साठी प्रतिशत स्थानीय तहको सञ्चित कोषमा जम्मा गरी बाँकी चालीस प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ।

**१५. घरजग्गा(अचल सम्पत्ति) मूल्यांकन दस्तुर :** (१) दुल्लू नगरपालिकाबाट घर जग्गा तथा अचल सम्पत्तीको मूल्यांकन गरे वापत अनुसूची (६) बमोजिम दस्तुर लिइनेछ।

१६. **नक्सापास दस्तुर :** (१) दुल्लू नगरपालिकाबाट घर तथा संरचनाको नक्सा पास र भवन अभिलेखीकरण गरे वापत अनुसूची (७) बमोजिम दस्तुर लिइनेछ।

१७. **फोहोरमैला सेवा शुल्कः** (१) दुल्लू नगरपालिकाले फोहोरमैला सेवा शुल्क अनुसुची १२ बमोजिमको दरमा लिइनेछ।

१८. **वैदेशिक प्रयोजनको लागि घर जग्गा (अचल सम्पत्ती) तथा आय मूल्यांकन दस्तुर :** (१) दुल्लू नगरपालिकाबाट वैदेशिक प्रयोजनको लागि घर जग्गा (अचल सम्पत्ती) तथा आयको मूल्यांकन गरे वापत अनुसूची (८) बमोजिम दस्तुर लिइनेछ।

१९. **विविध :** (१) यस ऐनमा उल्लेख नभएका तर कार्यान्वयनका क्रममा आकस्मिक रुपमा आईपर्ने विषयका कर,दस्तुर,शुल्क आदि निर्धारण गर्ने तथा परिभाषा गर्ने सम्वन्धमा नगर कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम हुनेछ।

(२) नगरपालिकाको हल तथा मल्टिमिडिया(प्रोजेक्टर) अन्य संस्था वा व्यक्तिले भाडामा प्रयोग गरेमा हल भाडा प्रतिदिन रु. १,५००(एक हजार पाँच शय) र मल्टिमिडिया (प्रोजेक्टर) भाडा प्रति दिन रु पाँच सय (५००) का दरले लिइने छ।

(३) नगरपालिकाको स्वामित्वमा रहेको हेभि इक्युपमेन्ट(ब्याक हो लोडर, रोलर र टिप्पर) प्रयोग गरे नगरपालिकाका प्रयोजन बाहेक अन्य व्यक्ति वा संस्थागत प्रयोगमा लिदाँ तपसिल बमोजिमको दस्तुर लिइनेछ ।

| क्र.स. | हेभी इक्युप्मेन्टको नाम | प्रति दिन (इन्धन बाहेक) (१० दिन भन्दा कम) | प्रति महिना (इन्धन बाहेक) (१० दिन भन्दा बढी) | कैफियत |
|---|---|---|---|---|
| १ | रोलर | १५०००।०० | ३५००००।०० | अप्रेटर भत्ता बाहेक |

| क्र.स. | हेभी इक्युप्मेन्टको नाम | दर प्रति घण्टा | | प्रति दिन (इन्धन बाहेक) | प्रति महिना (इन्धन बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | इन्धन सहित | इन्धन बाहेक | | | |
| २ | ब्याक हो लोडर | ३५००।०० | १८००।०० | १२०००।०० | २९००००।०० | दैनिक भएमा बढीमा ८ घण्टा |

| क्र.स. | हेभी इक्युप्मेन्टको नाम | दर प्रति ट्रिप | | प्रति दिन (इन्धन बाहेक) | प्रति महिना (इन्धन बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | इन्धन सहित | इन्धन बाहेक | | | |
| ३ | टिप्पर | १२०००।०० | ८०००।०० | १३०००।०० | ३०००००।०० | दैनिक भएमा बढीमा ८ घण्टा काम गर्ने गरी, ट्रिपको हकमा डुङ्केश्वर– दुल्लू,श्रीस्थान– दुल्लू लामादुवाला– दुल्लू, खोलिबजार– दुल्लू तथा अन्य |

(४) नगरपालिकाको वडा नं. ९ स्थित पादुकास्थान मन्दिर र वडा नं. १० स्थित नाभिस्थान क्षेत्रमा रहेका पार्किङ्क स्थलमा सवारीसाधन पार्किङ्क गरेवापत मोटरसाइकल प्रति रु.५ (पाँच), हलुका सवारीसाधन प्रति रु. १० (दश) र भारी सवारी साधन प्रति रु.२० (बीस) का दरले सेवा शुल्क लिईनेछ।

**२०. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** (१)यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ।

**२१. अमान्य हुने :** (१) यस ऐनमा भएका प्रावधान नेपालको संविधान,संघीय कानुन र प्रदेश कानुनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म स्वतः अमान्य हुने छ।

## अनुसूची – १
**(दफा २ सँग सम्बन्धित )**

**सम्पत्ति करका दरहरु**

| क्र.स. | भवन र जग्गाको मुल्य | जम्मा मुल्य | दर प्रतिशत | कर रु | जम्मा रु |
|---|---|---|---|---|---|
| १ | सुरुको ५ लाख सम्म | ५ लाख | ०.०५ | २५०.०० | २५०.०० |
| २ | त्यसपछिको १० लाख | १५ लाख | ०.०१० | १००.०० | ३५०.०० |
| ३ | त्यसपछिको २० लाख | ३५ लाख | ०.०१५ | ३००.०० | ६५०.०० |
| ४ | त्यसपछिको ३० लाख | ६५ लाख | ०.०२० | ६००.०० | १२५०.०० |
| ५ | त्यसपछिको ५० लाख | १ करोड १५ लाख | ०.०२५ | १२५०.०० | २५००.०० |
| ६ | सो भन्दा माथि जतिसुकै भएपनि | १ करोड १५ लाख भन्दा बढी | ०.०३० | | |

### स्पष्टिकरण
१) नगरपालिकाद्वारा आफ्नो क्षेत्रभित्रको सम्पत्ति कर लाग्ने भवनको अनुसूची–२ र ३ र जग्गाको अनुसूची–४ मा उल्लेख भएको दरमा मूल्य निर्धारण गरी सो मूल्यमा अनुसूची–१ बमोजिम सम्पत्ति कर लगाई असुल गरिने छ। भवनको क्षेत्रफल कायम गर्दा स्वीकृत नक्सा र निर्माण भएको भवनको क्षेत्रफलमा फरक भएमा निर्माण भएको भवनको क्षेत्रफललाई आधार मानिने छ।

२) माथि बुँदा नं. १ बमोजिम सम्पत्ति कर लाग्ने भवन र जग्गाबाहेक भवन नभएको बाँकी जग्गामा अनुसूची–५ को दरमा भूमिकर (मालपोत) लगाई असुल गरिने छ।

३) गत विगत वर्षहरुको घर जग्गा कर वा सम्पत्ति करको बक्यौता असुल गर्दा बक्यौता रकमको १० प्रतिशत थप जरिवाना सहित असुल गरिने छ।

४) दुल्लू नगरपालिका क्षेत्रभित्र दुई वा दुईभन्दा बढी स्थानमा सम्पत्ति कर बुझाउनुपर्ने सम्पत्ति भएका करदाताले सबै सम्पत्तिको बिवरण सम्पत्ति रहेको कुनै वडा कार्यालय वा राजस्व शाखामा पेश गरी कर दाखिला गर्नु पर्ने छ। कुनै करदाताको संयुक्त सम्पत्ति भएमा लालपूर्जा वा लिखतमा उल्लेख भएको सम्पत्तिको अंशको आधारमा छुट्टा छुट्टै सम्पत्ति मानी सम्पत्ति कर लिनुपर्ने छ।

५) भवनको नक्सा पास भएको मितिले दुई वर्षसम्म (म्याद थप भएमा थप दुई वर्ष) को अवधिलाई निर्माण अवधि मानी सो अवधिको सम्पत्ति कर छुट हुने छ। तर, कसैले निर्माण अवधिभन्दा अगावै भवन निर्माण कार्य सम्पन्न गरी नगरपालिकाबाट भवन निर्माण सम्पन्नताको प्रमाणपत्र जारी भएमा सोही आर्थिक वर्षदेखि सम्पत्ति कर लाग्ने छ।

६) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ बमोजिम कर छुट माग गर्ने करदाताहरूको सम्पत्तिको उपयोग व्यावसायिक प्रयोजनमा भएमा व्यावसायिक प्रयोजनमा भएको अनुपातमा सम्पत्ति कर बुझाउनुपर्ने छ।

**अनुसूची – २**

**(दफा २ सँग सम्बन्धित )**

**भवन मुल्याङ्कनको दर**

**भवन बनोटको आधारमा भवनको मुल्याङ्कन दर**

| क्र.सं. | भवनको प्रकार/बनोट | भवन मुल्याङ्कन दर (प्रति वर्गफिट रु.) |
|---|---|---|
| १ | भित्र काँचो बाहिर पाको इँट्टामा माटोको जोडाइ भएको भवन र काठबाट बनेका भवन | ५००.०० |
| २ | भित्रबाहिर पाको ईँटा वा ढुङ्गा र माटोको जोडाइ भएको सबै किसिमको भवन | ८००.०० |
| ३ | प्रिफ्याब भवन, गोदाम भवन, ट्रस संरचना | १०००.०० |
| ४ | भित्र बाहिर पाको इट्टा र सिमेन्टको जोडाइ भएको भवन | १२००.०० |
| ५ | स्टील स्ट्रक्चर | १५००.०० |
| ६ | आर.सी.सी फ्रेम स्ट्रक्चर भवन | १८००.०० |

**अनुसूची – ३**

(दफा २ सँग सम्बन्धित )

**भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि**

भवनको बनौट र सोमा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति (Straight Line Method) अनुसार हुने छ। यसको गणना देहाय बमोजिम गरिने छ :

| क्र.सं. | भवनको प्रकार/बनोट | वार्षिक ह्रास (प्रतिशतमा) | ह्रासकट्टी अवधि |
|---|---|---|---|
| १ | भित्र काँचो बाहिर पाको इँट्टामा माटोको जोडाइ भएको भवन र काठबाट बनेका भवन | ३ | २५ वर्ष |
| २ | भित्रबाहिर पाको इँटा वा ढुङ्गा र माटोको जोडाइ भएको सबै किसिमको भवन | २ | ३५ वर्ष |
| ३ | प्रिफ्याब भवन, गोदाम भवन, ट्रस संरचना | ३ | २५ वर्ष |
| ४ | भित्र बाहिर पाको इट्टा र सिमेन्टको जोडाइ भएको भवन | १.५ | ५० वर्ष |
| ५ | स्टील स्ट्रक्चर | २ | ३५ वर्ष |
| ६ | आर.सी.सी फ्रेम स्ट्रक्चर भवन | १.५ | ५० वर्ष |

**अनुसूची – ४**

**(दफा २ सँग सम्बन्धित )**

दुल्लू नगरपालिका क्षेत्र भित्रका प्रमुख सडक र सडकको दायाँबायाँ पर्ने घरजग्गा तथा वर्गिकृत क्षेत्र अनुसार जग्गाहरुको सम्पत्ती कर मुल्याङ्कन प्रयोजनका लागि कायम गरिएको प्रति रोपनी जग्गाको मुल्य

| | वर्गीकृत क्षेत्र | स्थान | न्यूनतम मूल्य |
|---|---|---|---|
| वडा नं. १ | व्यापारिक क्षेत्र | डुंगेश्वर क्षेत्र (साविक नाउलेकटुवाल ६) | रु.९,००,००० प्रतिरोपनी |
| | | पातीकाल्ला (साविक नाउलेकटुवाल ३) | रु.२०००० प्रति रोपनी |
| | | डाव वजार (साविक नाउलेकटुवाल ८) | रु.३५००० प्रति रोपनी |
| | | मष्टा वाग्दुला वजार (साविक नाउलेकटुवाल ७) | रु.२५००० प्रति रोपनी |
| | संस्थागत | | |
| | आवासिय क्षेत्र | डुंगेश्वर, पातीकाल्लादुल्लू डाँडीमाडी मोटरवाटोको क्षेत्र (साविक नाउलेकटुवाल) | रु.४००००० प्रतिरोपनी |
| | कृषि क्षेत्र | डुंगेश्वर, डाव, पातीकाल्ला, सुर्खेत, दुल्लू, डाँडीमाडी सडक खण्डको आसपासको क्षेत्र (साविक नाउलेकटुवाल गाविस) | रु.४०००० प्रतिरोपनी |
| | वनवगर क्षेत्र | भौलु, गिटीखोला, सतीपिपल, पारीमेला, हैकीमेला, घट्टेखोला, रेउतीखोला, डुंगेश्वर कर्णाली नदी क्षेत्रको जग्गा ( साविक नाउलेकटुवाल गाविस ) | रु. १०००० प्रति रोपनी |
| वडा नं. २ | व्यापारिक क्षेत्र | भानेश्वर, बडापोखराका (साविक नाउलेकटुवाल गाविस) भलायाकाटिया ( साविक नेपा गाविस ) सडकले छुने जग्गाहरु | रु.४००००० रोपनी |
| | आवासिय क्षेत्र | भुवाचौर, वडापोखरा, (साविक नाउलेकटुवाल गाविस ) भलायाकाटिया, सियाला सडकको आसपासका क्षेत्रहरु ( साविक नेपा गाविस) | रु.४०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | माथीगाउँ, मध्यगाउँ, रुण्डी, तरियाँ (साविक नाउलेकटुवाल गाविस) वोड, राले, पानसैनका सडकले नछुने भित्रीजग्गाहरु ( साविक नेपा गाविस ) | रु.४०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | रिग्ने सोती, रानी कुन्टा, दुधे मालिका, सिमखाडा (साविक नाउलेकटुवाल गाविस) भावर, तिदुखोला, लामाडाँडा, धैरेनी ( साविक नेपा गाविस ) | रु.३०००० प्रति रोपनी |
| वडा नं. ३ | व्यापारिक क्षेत्र | पिपलघारी, तियारी स्थान सडकलाई छुने जग्गाहरु (साविक नेपा गाविस) | रु.३,००००० रोपनी |

| | | | |
|---|---|---|---|
| | व्यापारिक क्षेत्र | पालीबजार क्षेत्र नेपा ६ | रु.४००००० प्रति रोपनी |
| | आवासिय क्षेत्र | पिरु, धारखोला, पाली, टुनिकाल्ला, सिमलतोली, मौलाडाँडा (साविक नेपागाविस) | रु.३०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | काउलाखाली, बासकोट, खराया, बलीपाटा, खानीगाउँ, पोखरीपाटा, सिमखेत, वजिदह ( साविक नेपा गाविस) | रु.४०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | रानीवन क्षेत्र, माईकाचौर वन क्षेत्र, निसरा , औल, खेतगाड खोला (साविक नेपा गाविस) | रु.२५००० प्रति रोपनी |
| वडा नं. ४ | व्यापारिक क्षेत्र | शान्तीवजार (साविक दुल्लू गाविस) | रु.१६००००० प्रति रोपनी |
| | | पातीकाल्ला (साविक दुल्लू र नाउलेकटुवाल गाविस) | रु.४००००० प्रति |
| | | बगौराडाँडा (साविक दुल्लू गाविस) बाटोले छुने जग्गा | रोपनी रु.४००००० प्रति रोपनी |
| | संस्थागत | कृष्णकोट (साविक नेपा गाविस) | रु.१००००० प्रति रोपनी |
| | आवासिय क्षेत्र | तल्लीपाउँ, भण्डारीगाउँ, सानगाउँ, (साविक नेपा गाविस) टिमुरगाउँ (साविक दुल्लू गाविस ) | रु.५०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | घरखेत, पुल्तीखेत, दारिमतला, रवि खेत, पहाडी खेत, सिमाखेत, वडापाटा, रापियाँ, रिटापाटा, गैरीखेत (साविक नेपा गाविस) | रु.४०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | तेलपोखिया (साविक पादुका गाविस) कैलेवोड (साविक नेपा गाविस) सिरुपाटा (रसियाटापाट, ठाडालेख, माछा करंगे, वारतडी, खोडाखेत, भण्डारी खेत | रु.२५००० प्रति रोपनी |
| वडा नं. ५ | व्यापारिक क्षेत्र | पाथरनाउली देखीकिर्तिखम्व सडकले छुने जग्गाहरु (साविक दुल्लू गाविस) | प्रति रोपनी रु १६००००० |
| | | रिजुस्कुल, सरसीउवारी, पोखरा (साविक छिउडीपूसाकोट गाविस) | प्रति रोपनी४००००० |
| | | रातीमाटा बजार क्षेत्र | प्रति रोपनी रु.९००००० |
| | संस्थागत | चौवारी, कृषि सेवा केन्द्र (साविक दुल्लू गाविस) | प्रति रोपनी रु २००००० देखी ५००००० सम्म |
| | आवासिय क्षेत्र | दुल्लू डाँडीमाडी सडक आसपासका क्षेत्र ( सडकले नछुने) (साविक दुल्लू गाविस) | प्रति रोपनी रु ३००००० देखी ५००००० सम्म |
| | कृषि क्षेत्र | सुर्खेत दुल्लू डाँडीमाडी सडक आसपासका क्षेत्रका वस्तीहरु (सडकले नछुने) (साविक | प्रति रोपनी रु २०००० देखी ५०००० सम्म |

| | | | |
|---|---|---|---|
| | | छिउडीपूसाकोट गाविस वडा नं. ६ देखी ९ र साविक दुल्लू गाविस वडा नं. ६ र ८) | |
| | वनवगर क्षेत्र | वारतडी (साविक दुल्लू गाविस) वइचन,( साविक दुल्लू गाविस) वागेरह (साविक छिउडीपूसाकोट गाविस) ठाडोलेख (साविक दुल्लू गाविस) रिमे (साविक दुल्लू गाविस) | प्रति रोपनी रु ५०००० देखी १००००० सम्म |
| वडा नं. ६ | व्यापारिक क्षेत्र | रातीमाटा, छिउडीपूसाकोट, वस्नेपाटी, लुंजै तल्लो डुंगेश्वर सडकले छुने जग्गाहरु ( साविक छिउडीपूसाकोट गाविस वडा नं. १ देखी ५ सम्म) | रु.३००००० रोपनी |
| | संस्थागत | वालेवजार देखी महेन्द्रजयदेवीमावि क्षेत्रका सडकले छुने जग्गाहरु (साविक छिउडीपूसाकोट गाविस वडा नं. १ देखी ५ सम्म) | रु.४००००० प्रतिरोपनी |
| | आवासिय क्षेत्र | बालेवजार देखीलुंजै सम्मको सडकले छुने भित्रीभागकाजग्गाहरु (साविक छिउडीपूसाकोट गाविस वडा नं. १ देखी ५ सम्म) | रु.५०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | सडकले नछुने सम्पूर्ण भित्री भागका जग्गाहरु (साविक छिउडीपूसाकोट गाविस वडा नं. १ देखी ५ सम्म) | रु.५०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | ढाण, कवुलियती वनहरु, सामुदायिक वन क्षेत्रका भित्री भागका जग्गाहरु (साविक छिउडीपूसाकोट गाविस वडा नं. १ देखी ५ सम्म) | रु.३०००० प्रति रोपनी |
| वडा नं. ७ | व्यापारिक क्षेत्र | कीर्तिखम्व देखी पटांगिनी सम्म मुख्य सडकले छुने जग्गाहरु (साविक दुल्लू गाविस) | रु.१६००००० प्रति रोपनी |
| | आवाशिय क्षेत्र | भण्डारीगाउँ, रोकायावाडा, पटांगिनी, किर्तिखम्व, खेतगाउँ (साविक पादुका गाविस) खाल्चाखाका सडकले नछोएकाभित्रीभागकाजग्गाहरु (साविक दुल्लू गाविस) | सडकले नछोएका रु.५०००० प्रति रोपनी<br>सडकले छोएका : रु.४००००० |
| | कृषि क्षेत्र | खेतगाउँ (साविक पादुका गाविस) भण्डारी गाउँ, पटांगिनी (साविक दुल्लू गाविस) | भित्रीभागका सडकले नछोएका रु. ५०००० प्रति रोपनी<br>सडकले छोएका रु २००००० प्रति रोपनी |

| | | | |
|---|---|---|---|
| | संस्थागत क्षेत्र | द्रोणाचल क्याम्पस, विजया उच्च मावि क्षेत्र (साविक दुल्लू गाविस | रु.१०००००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | ठाडो वन (साविक दुल्लू गाविस)<br>स्याल्यावन (साविक पादुका गाविस) | रु.१०००० प्रति रोपनी |
| वडा नं. ८ | व्यापारिक क्षेत्र | साहुवाडा (साविक दुल्लू गाविस २) पौवा ( साविक दुल्लू ४, साविक पादुका गाविस ५)<br>घियातिदु (साविक वडलम्जी गाविस ८ )<br>चगत्रावजार (साविक बडलम्जी गाविस १)<br>क्षेत्रहरु सडकले छुने जग्गाहरु | रु.९००००० रोपनी<br><br>रु.९००००० रोपनी |
| | | साहुवाडा श्रीस्थान सडकमा पर्ने जग्गा | रु.५००००० प्रति रोपनी |
| | आवासिय क्षेत्र | साहुवाडा (साविक दुल्लू गाविस २) पौवा ( साविक पादुका गाविस ५ र दुल्लू गाविस २ ) ठकुरीवाडा (साविक दुल्लू गाविस ४)<br>रोकायावाडा (साविक दुल्लू गाविस ५)<br>सडकले छुने वजार क्षेत्रकाजग्गाहरु | रु.३००००० प्रति रोपनी |
| | कृषि क्षेत्र | दुवारीचाखा (साविक पादुका गाविस ५)<br>ठकुरीवाडा (साविक दुल्लू गाविस ४)<br>रोकायावाडा (साविक दुल्लू गाविस ५)<br>मेहेलपानी (साविक दुल्लू गाविस ३)<br>साहुवाडा (साविक दुल्लू गाविस २) वड ( साविक बडलम्जी गाविस १) खिराखर्क ( साविक वडलम्जी गाविस ८) , हुडीखोला (साविक बडलम्जी ८) वालेश्वर (साविक बडलम्जी ९) वस्कोटी ( पादुकागाविस ५)<br>सडकले नछुने जग्गाहरु | रु.५०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | लुहाडा, राईरुवा (साविक पादुका ५ र बडलम्जी ९) वस्कोटी (साविक पादुका ५)<br>काफलघारी (साविक बडलम्जी ९ ) नर्सरी (साविक पादुका ५) | रु.५००० प्रति रोपनी |
| वडा नं. ९ | आवाश क्षेत्र | भजनिया, पिपलघारी सडक क्षेत्रले छुने जग्गाहरु<br>भित्री भागका जग्गाहरु<br>मध्यपहाडी लोकमार्ग सडकले छुने जग्गाहरु<br>भित्रीभागका जग्गाहरु (साविक पादुकागाविस ) | रु.४००००० प्रति रोपनी<br><br>रु.५०००० प्रति रोपनी<br><br>रु.४०००००प्रति रोपनी<br>रु. ५०००० प्रति रोपनी |
| | संस्थागत | | |

| | | | |
|---|---|---|---|
| | कृषि क्षेत्र | वडीपाटी, दरथानी, धामीगाउँ, प्यादुरा, काप्रिखाडा, धजावन, चिसापानी (साविक पादुका गाविस ) | रु.५०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | धजावन,हाडाखर्क, नाराघाट, दरथानी, बडीपाटी ( साविक पादुकागाविस ) | रु.३०००० प्रति रोपनी |
| वडा नं. १० | व्यापारिक क्षेत्र | श्रीस्थान राजाकाध मुल्की सडकमा पर्नेजग्गा | रु.४००००० प्रति रोपनी |
| | | गमौडी राउसे कालभैरब,मडेसिउन राजाकाध सडकमा पर्नेजग्गा | रु.३००००० प्रति रोपनी |
| | आवाशिय क्षेत्र | साविक गमौडी गाविस वडा नं. १ देखि ९ सम्मकाआवासिय क्षेत्रमा पर्ने जग्गाहरु | रु.५०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | साविक गमौडी गाविस वडा नं. १ देखि ९ सम्मका भित्रीभागमा पर्ने जग्गाहरु | रु ५०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | साविक गमौडी गाविस वडा नं. १ देखि ९ सम्मका वनवगर क्षेत्रका जग्गाहरु | रु.१०००० प्रति रोपनी |
| वडा नं. ११ | व्यापारिक क्षेत्र | बैक बजार क्षेत्र | रु.५००००० प्रति रोपनी |
| | आवासिय क्षेत्र | साविक कालभैरव गाविस वडा नं. १ देखि ९ सम्मका आवासिय क्षेत्रमा पर्ने जग्गाहरु | रु.५०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | साविक कालभैरवगाविस वडा नं. १ देखि ९ सम्मका भित्री भागमा पर्ने जग्गाहरु | रु ५०००० प्रति रोपनी |
| वडा नं. १२ | व्यापारिक क्षेत्र | माथिल्लो डुंगेश्वर गौरी सडकमा पर्ने जग्गाहरु | रु.३००००० प्रति रोपनी |
| | आवाशिय क्षेत्र | साविक गौरी गाविस वडा नं. १ देखि ९ सम्मका आवासिय क्षेत्रमा पर्ने जग्गाहरु | रु.५०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | साविक गौरी गाविस वडा नं. १ देखि ९ सम्मका भित्री भागमा पर्ने जग्गाहरु | रु ५०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | साविक गौरी गाविस वडा नं. १ देखि ९ सम्मका वनवगर क्षेत्रका जग्गाहरु | रु.१०००० प्रति रोपनी |
| वडा नं. १३ | व्यापारिक क्षेत्र | माथिल्लो डुंगेश्वर हाडेआवत सडकमा पर्ने जग्गाहरु | रु.४००००० प्रति रोपनी |
| | | बैक बजार क्षेत्रमा पर्ने जग्गाहरु | रु.५००००० प्रति रोपनी |
| | आवाशिय क्षेत्र | साविक मालिका गाविस वडा नं. १ देखि ९ सम्मका आवासिय क्षेत्रमा पर्ने जग्गाहरु | रु.५०००० प्रति रोपनी |
| | कृषि क्षेत्र | साविक मालिका गाविस वडा नं. १ देखि ९ सम्मका भित्रीभागमा पर्ने जग्गाहरु | रु ५०००० प्रति रोपनी |
| | वनवगर क्षेत्र | साविक मालिका गाविस वडा नं. १ देखि ९ सम्मका वनवगर क्षेत्रका जग्गाहरु | रु.१०००० प्रति रोपनी |

**अनुसूची – ५**
**(दफा ३ सँग सम्बन्धित)**
**भुमिकरको दररेट**

| क्र.स. | राजश्वका क्षेत्रहरु | इकाई | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | नगरपालिका क्षेत्र भित्रको बजार क्षेत्रमा पर्ने जग्गाको मालपोत दर | प्रति रोपनी | ५०।०० | |
| २ | ग्रामिण क्षेत्रको जग्गाहरुका लागि | प्रति रोपनी | २५।०० | |

**अनुसूची – ६**
**(दफा ५ सँग सम्बन्धित)**
**व्यवसाय कर एवं दस्तुर (प्रति वर्ष)**

| शिर्षक | व्यवसाय कर | नवीकरण दस्तुर |
|---|---|---|
| क) व्यावसायिक बस्तु | | |
| चुरोट, सुर्ती लगायत मद्यपान पसल | १०००/– | |
| कम्प्युटर पसल | १०००/– | |
| सुनचाँदी | २०००/– | |
| सवारी साधन विक्रि | १५००/– | |
| दैनिक उपभोग्य सामाग्री विक्रि पसल | १०००/– | |
| कपडा, जुत्ता चप्पल तथा फेन्सी पसल | १५००/– | |
| विजुली पसल | १०००/– | |
| माछा मासु पसल | १५००/– | |
| कुखुरा पालन व्यवसाय | १०००/– | |
| टेलरीङ्क | ५००/– | |
| डिलर (भाँडा बेच्ने) | १५००/– | |
| ग्याँस विक्रेता | १०००/– | |
| पेट्रोल पम्प | ५०००/– | |
| व्युटी पार्लर तथा कष्मेटिक पसल | १०००/– | |
| फोटो स्टुडियो | १०००/– | |
| पशु वधशाला | १०००/– | |
| फलफूल तथा तरकारी पसल | १०००/– | |
| सिसा, प्लाईउड पसल | १०००/– | |
| भाँडाकुडा विक्रेता | १०००/– | |
| स्टिल दराज, तथा फर्निचर विक्रेता | १०००/– | |
| घुन्ती पसल (प्रतिदिन) | २००/– | |
| एग्रोभेट | १०००/– | |
| मोवाइल पसल | १५००/– | |
| होमस्टे | १५००/– | |
| कवाडी सङ्गलन पसल | १५००/– | |
| किराना पसल, थोक व्यापार | १५०० /– | |
| किराना पसल साधारण | ७५०/– | |
| स्टेसनरी पसल | १०००/– | |
| घुम्टी पसल | ५००/– | |
| हेयर कटिङ | १०००/– | |
| आर्ट | १०००/– | |
| हार्डवेयर पसल | २०००/– | |
| ख) विशेषज्ञ, परामर्श तथा अन्य सेवा प्रदायक | | |
| चिकित्सक | १५००/– | |

| शिर्षक | व्यवसाय कर | नवीकरण दस्तुर |
|---|---|---|
| कविराज | १०००/– | |
| इन्जीनियर | १५००/– | |
| कानून व्यवसायी(अधिवक्ता) | १५००/– | |
| अभिकर्ता | १०००/– | |
| लेखापढी व्यावसायी | १५००/– | |
| लेखापरिक्षक | १५००/– | |
| दन्त चिकित्सक | १५००/– | |
| परामर्श दाता | १५००/– | |
| Computer Analyst And Programmer | १५००/– | |
| विमा अभिकर्ता | १५००/– | |
| सर्भेयर | १५००/– | |
| अनुवादक | १५००/– | |
| पशु चिकित्सक | १०००/– | |
| शेयर दलाल | १५००/– | |
| सामान ढुवानी कम्पनी | १५००/– | |
| सामान्य लेखापढी | १००० /– | |
| व्यावसायिक भिडियो | १०००/– | |
| कन्सल्टेन्सी | ५०००/– | |
| वैदेशिक रोजगार कम्पनी | ५०००/– | |
| ग) उद्योग | | |
| उत्पादनमुलक | २०००/– | |
| उर्जामुलक | १५००/– | |
| काष्ठकला | १५००/– | |
| कृषिजन्य | १०००/– | |
| सेवा उद्योग, पर्यटन | १५००/– | |
| निर्माण उद्योग, ग्यारेज | १५००/– | |
| वनजन्य उद्योग (फर्निचर आदि) | १५००/– | |
| ईंट्टा उद्योग | १०००/– | |
| खोटो संकलन उद्योग | १००००/– | |
| मिल कुटानी पिसानी | १०००/– | |
| पानी उद्योग | १०००/– | |
| घ वर्गको लाईसेन्स | २५०००/– | • असोज मसान्तसम्म ७०००<br>• चैत्र मसान्तसम्म १००००<br>• असार मसान्तसम्म १५००० |
| क्रशर उद्योग | ५००००/– | |
| घ) सञ्चार | | |
| कुरीयर सेवा | १०००/– | |

| शिर्षक | व्यवसाय कर | नवीकरण दस्तुर |
|---|---|---|
| प्रेस | १५००/– | |
| एफ एम | ५०००/– | |
| निजी टेलिफोन टावर | ५०००/– | |
| सरकारी टेलिफोन टावर | ४०००/– | |
| पत्रिका | १५००/– | |
| केवल नेटवर्किङ | ३०००/– | |
| ङ) वित्तिय सेवा | | |
| सहकारी बैङ्क | १५००/– | |
| विमा कम्पनी | २५००/– | |
| प्राइभेट बैङ्क | ५०००/– | |
| लघुवित्त कम्पनी | ४०००/– | |
| रेमिट्यान्स सेवा | २५००/– | |
| मुद्रा सटही तथा आई.एम.ई व्यवसाय | ४०००/– | |
| च) स्वास्थ्य सेवा | | |
| गैर सरकारी/निजी अस्पताल | ५०००/– | |
| नर्सिङ्क होम/पोलीक्लीनिक | ३०००/– | |
| क्लीनिक/मेडिकल | १०००/– | |
| छ) शिक्षा सेवा निजी क्षेत्र सञ्चालन अनुमति | | |
| पूर्व प्राथमिक विद्यालय सञ्चालन अनुमति | ५०००/– | |
| आधारभूत विद्यालय सञ्चालन अनुमति (कक्षा १ देखि ५ सम्म) | ७०००/– | |
| आधारभूत विद्यालय सञ्चालन अनुमति(कक्षा ६देखि ८ सम्म) | १००००/– | |
| माध्यामिक विद्यालय सञ्चालन अनुमति(कक्षा ८ देखि १०सम्म) | १५०००/– | |
| माध्यामिक विद्यालय सञ्चालन अनुमति(कक्षा ११ देखि १२ कक्षा सम्म) | २००००/– | |
| क्याम्पस | २५०००/– | |
| ज) शिक्षा सेवा निजी क्षेत्र थप कक्षा सञ्चालन अनुमति | | |
| पूर्व प्राथमिक विद्यालय सञ्चालन अनुमति | २०००/– | |
| आधारभूत विद्यालय सञ्चालन अनुमति (कक्षा १ देखि ५ सम्म) | ३०००/– | |
| आधारभूत विद्यालय सञ्चालन अनुमति(कक्षा ६देखि ८ सम्म) | ४०००/– | |
| माध्यामिक विद्यालय सञ्चालन अनुमति(कक्षा ८ देखि १०सम्म) | ५०००/– | |
| माध्यामिक विद्यालय सञ्चालन अनुमति(कक्षा ११ देखि १२ कक्षा सम्म) | ६०००/– | |
| ज) अन्य | | |
| NGO | २५००/– | |

| शिर्षक | व्यवसाय कर | नवीकरण दस्तुर |
|---|---|---|
| INGO | ५000/– | |
| आमा समुह | ३00/– | १५0/– |
| वन उपभोक्ता समिति | १000/– | |
| स्थानीय सहकारी | १५00/– | |
| स्थानीय समुह | ५00/– | २५0/– |
| अन्य समुह/समिति | २00/– | १00/– |
| दुध डेरी | १000/– | |
| उपभोक्ता समिति दर्ता | १000/– | |
| कपाल काट्ने (हेयर कटिङ्क शैलुन) | ५00/– | |
| झ) ग्यारेज (सवारी साधन मर्मत) | | |
| Heavy Equipments | ३000/– | |
| अन्य | १000/– | |
| मोटरसाइकल | १000/– | |
| साना मेसीनरी मर्मत | ५00/– | |
| ञ) होटेल | | |
| RCC ठूलो सुविधायुक्त | १५00/– | |
| सानो | ७५0/– | |
| छाप्रो | ५00/– | |
| चिया पसल नास्ता | २00/– | |
| ट) मादिरा पसल | | |
| डिलरसिप | ५000/– | |
| खुद्रा | २000/– | |
| मिल, सव–मिल दर्ता | ५000/– | |
| ठ) सवारी साधन दर्ता | | |
| अटो रिक्सा | २000/– | १000/– |
| ठेला गाडा | १000/– | ५00/– |
| ड) व्यावसायिक मनोरञ्जन कर | | |
| जात्रा मेला महोत्सव | २000/– | |
| सर्कस जादू | १५00/– | |

**अनुसूची – ७**

**(दफा ८ सँग सम्बन्धित )**

**सिफारिस दस्तुर तथा सेवा शुल्क**

| शिर्षक | आ.व.२०८३/०८४ का लागि निर्धारण गरिएका करका दररेटहरु |
|---|---|
| क) सिफारिस दस्तुर तर्फ | |
| साधारण सिफारिस | २००/– |
| नागरिकता सिफारिस (नयाँ र प्रतिलिपि) | २५०/– |
| नागरिकता सिफारिस सर्जमिन सहित | ३००/– |
| सर्जमिन सहित सिफारिस अन्य (जग्गा नामसारी समेत) | २५०/– |
| पेन्सन सिफारिस स्वदेशी | ५५०/– |
| पेन्सन सिफारिस भारतीय | १०००/– |
| पेन्सन सिफारिस तेश्रो मुलक | १२००/– |
| पेन्सन नामसारी स्वदेशी | ५००/– |
| पेन्सन नामसारी भारतीय | ७००/– |
| पेन्सन नामसारी तेश्रो मुलक | १२००/– |
| अग्रेजीमा गरिने सवै प्रकारका सिफारिस | ५००/– |
| नेपालीमा गरिने सवै प्रकारका सिफारिस विशेष | २००/– |
| फरक फरक नाम एउटै भन्ने सिफारिस | २००/– |
| जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि र फोटटाँस सिफारिस | २००/– |
| विवाहित अविवाहित प्रमाणित सिफारिस | २५०/– |
| अंगिकृत नागरिकता सिफारिस | ५००/– |
| नाता प्रमाणित स्वदेशी | २००/– |
| नाता प्रमाणित विदेशी प्रयोजन | ५००/– |
| नाताकायम | २००/– |
| पारिवारीक विवरण पेनसन प्रयोजन | २५०/– |
| नावालक सिफारिस | १५०/– |
| जन्म मिति प्रमाणित | २५०/– |
| चारित्रिक प्रमाणित | २५०/– |
| चारकिल्ला प्रमाणित | २५०/– |
| कित्ताकाट सिफारिस | २५०/– |
| क्लब, संघसंस्था दर्ता सिफारिस | १०००/– |
| योजना सम्झौता सिफासि(वडाबाट बजेट विनियोजन गरेका योजना बाहेक) | २००/– |
| योजना सम्पन्न सिफारिस(वडाबाट बजेट विनियोजन गरेका योजना बाहेक) | ५००/– |
| व्यक्तिगत घटना दर्ता (३५ दिन भित्र दर्ता गराएमा) | निशुल्क |
| व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क (३५ दिन पछि) | २००/– |
| व्यक्तिगत घटना प्रमाणपत्रको नक्कल दस्तुर (नेपालीमा) | ५००/– |

| शिर्षक | आ.व.२०८३/०८४ का लागि निर्धारण गरिएका करका दररेटहरु |
|---|---|
| व्यक्तिगत घटना दर्ता तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर (नेपालीमा) | २००/– |
| विद्युत जडान सिफारिस (घरायसी) | २५०/– |
| विद्युत जडान व्यवसायिक प्रयोजनका लागि | ७५०/– |
| विद्युत जडान ठाउँसारी घरायसी | २५०/– |
| विद्युत जडान नामसारी ठाउँसारी (साना उद्योग) | ७५०/– |
| विद्युत जडान ठाउसारी (मझौला उद्योग) | १०००/– |
| विद्युत जडान नामसारी ठाउँसारी (ठुला उद्योग) | २०००/– |
| काठको सिफारिस (घरगोठ सार) | २००/– |
| घरेलु उद्योग सर्जमिन सहितको सिफारिस | १५०/– |
| घर गोठ प्रमाणित | १००/– |
| व्यवसाय दर्ता तथा वन्द सिफारिस | २५०/– |
| व्यवसाय नाम परिवर्तन सिफारिस | ५००/– |
| व्यवसाय नामसारी ठाउँसारी दस्तुर | ५००/– |
| सर्जमिन दस्तुर | १५०/– |
| टेलीफोन नामसारी | २००/– |
| अव्यवस्थित बसोबास सिफारिस दस्तुर | २००/– |
| संचार सम्वन्धि विभिन्न सिफारिस | २५०/– |
| तलब प्रमाणित दस्तुर | ५००/– |
| रासायनिक मल आपुर्तीसम्बन्धी सिफारिस दस्तुर | १०००/– |
| अन्य सिफारिस (नेपालीमा) | २००/– |
| अन्य सिफारिस (अंग्रेजीमा) | ५००/– |
| शिक्षक/कर्मचारीहरुको सरुवा सहमति/अनुमति सिफारिस | २०००/– |
| ख) घर तथा जग्गा नामसारी दस्तुर | |
| अंशवण्डावाट पारिवारीक | २००/– |
| घरबाटो भए नभएको सिफारिस (शहरी क्षेत्र ) | ५००/– |
| घरवाटो भए नभएको सिफारिस (ग्रामीण क्षेत्र) | २००/– |
| घर नक्शा अभिलेख दस्तुर(कच्ची घर) | ५००/– |
| घर नक्शा अभिलेख दस्तुर(पक्की ढलान घर) | १०००/– |
| घरकायम सिफारिस दस्तुर | १५०/– |
| नक्सापास निवेदन तथा फारम दस्तुर | ७००/– |
| अमिन दस्तुर | २०००/– |
| घर निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर | ५००/– |
| ग) नक्सापास दस्तुर ( पुराना घर) | |
| १. वजार क्षेत्र | |
| १.१ १ व.फि. देखी १५०० व.फि. | ७००/– |
| १.२ १५०० व.फि.भन्दा माथि | १०००/– |
| २.ग्रामीण क्षेत्र | ४००/– |

| शिर्षक | आ.व.२०८३/०८४ का लागि निर्धारण गरिएका करका दररेटहरु |
|---|---|
| ३.नक्सा नामसारी दस्तुर (विक्रि प्रयोजनका लागि) | १०००/– |
| ४.नक्सापास जरिवाना दस्तुर | लाग्ने दस्तुरको आधा |
| ५.मुद्धा निवेदन | २००/– |
| ६.निजीकाठको सिफारिस | २०००/– |
| ७.कन्सल्टेन्टी सूचीकृत सिफारिस | २५००/– |
| ८.कन्सल्टेन्टी नविकरण सिफारिस | १०००/– |
| ९.करचुक्ता सिफारिस | १००/– |
| १०.तमसुक रोहवर वसेवापत् शुल्क | ५००/– |
| घ) पुरानो घरजग्गा नामसारी नक्सापास दस्तुर(रुं. लाख भन्दा माथि) | |
| १. १ तले RCC | ५००/– |
| २. २ तले RCC | १०००/– |
| ३. २ तले भन्दा माथिको RCC भवन | १५००/– |
| ४. सामान्य घर | ४००/– |
| ङ) प्रतिलिपि प्रमाणित दस्तुर | |
| १. सेवाग्राही आफैले सारेमा (प्रतिपाना) | २०/– |
| २. कार्यालयको तर्फवाट सारेमा (प्रतिपाना) | ५०/– |
| च) तलब भत्ता प्रमाणित सिफारिस दस्तुर | ५००/– |
| छ) खोटो संकलनका लागि सिफारिस | ५०००/– |
| ज) व्यवसाय सुचिकृत दस्तुर | |
| १. भ्याटमा दर्ता भएका | १०००/– |
| २. प्यानमा दर्ता भएका | ५००/– |
| झ) पशु वस्तु निर्यात सिफारिस दस्तुर | |
| १.भैंसी राङ्गो प्रति गोटा | ५००/– |
| २.गाई/गोरु प्रति गोटा | १००/– |
| ३. खसी/बाखा प्रति गोटा | ५०/– |
| ञ) दुल्लू अस्पतालमा सेवा प्रवाह गर्दाको विविध शूल्क (व्यवस्थापन समितिको निर्णयानुसार) | |

(ट) पशुपंक्षी विकास शाखामा सेवा प्रवाह गर्दाको सेवा शूल्क तपसिल बमोजिम लाग्नेछ।

| क्र.स. | सेवाको नाम | कुखुरा(प्रति गोटा) | बाखा(प्रति गोटा) | गाइ/भैसी( प्रति गोटा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | पशुपन्छी उपचार सेवा | ५।०० | १०।०० | २०।०० | |

| क्र.स. | सेवाको नाम | बोका (प्रति गोटा) | बहर (प्रति गोटा) | कैफियत |
|---|---|---|---|---|
| २ | पशु बन्ध्याकरण | ५०।०० | १००।०० | |

| क्र.स. | सेवाको नाम | गोबर परिक्षण | पिसाब परिक्षण | दुध परिक्षण | कैफियत |
|---|---|---|---|---|---|
| ३ | ल्याव सेवा | ५०।०० | ५०।०० | ५०।०० | |

| क्र.स. | सेवाको नाम | पशु | पंक्षी | कैफियत |
|---|---|---|---|---|
| ४ | पोष्टमार्टम सेवा | २००।०० | १००।०० | |

**अनुसूची – ८**

**(दफा १५ सँग सम्बन्धित )**

**घर जग्गा (अचल सम्पत्ती) मुल्याङ्कन दस्तुर**

| क्र.स. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | ५ लाख सम्म | २५०/– | |
| २ | ५ लाख १ देखि १० लाख सम्म | ७५०/– | |
| ३ | १० लाख १ देखि २० लाख सम्म | २०००/– | |
| ४ | २० लाख १ देखि ३० लाख सम्म | २५००/– | |
| ५ | ३० लाख १ देखि ५० लाख सम्म | ३०००/– | |
| ६ | ५० लाख १ देखि ७५ लाख सम्म | ३५००/– | |
| ७ | ७५ लाख १ वा सो भन्दा माथि | ४५००/– | |

**अनुसूची –९**

**(दफा १६ सँग सम्बन्धित )**

**क) नक्सापास दस्तुर (प्रति वर्ग फिट) नयाँ घर**

| क्र.सं | बनोट | प्रति वर्ग फिट | साइडको बजार क्षेत्र | मुल सडक | ग्रामिण क्षेत्र |
|---|---|---|---|---|---|
| १ | ढुंगा माटोको गाह्रो फुसको छाना भएको घरको | प्रति वर्ग फिट | रु.२।० | रु. ३।० | रु. १।० |
| २ | ढुंगा माटोको गाह्रो पत्थर र टीनको छाना भएको | प्रति वर्ग फिट | रु. ३।० | रु. ३।५० | रु. २।५० |
| ३ | सिमेन्टको गाह्रो ढुंगाको चिनाई टिनको छाना भएको | प्रति वर्ग फिट | रु. ४।०० | रु. ४।५० | रु. ३।५० |
| ४ | सिमेन्टको गाह्रो ढुंगा/इटाको चिनाई आर.सि.सि.भएको | प्रति वर्ग फिट | रु. ४।५० | रु. ५।०० | रु. ४।०० |
| ५ | सिमेन्टको गाह्रो ढुंगा/इटाको चिनाई आर.सि.सि.भएको सरकारी भवन | प्रति वर्ग फिट | रु.५।५० | रु.६।०० | रु. ५।०० |
| ६ | बजार क्षेत्रमा ग्रिल काठको पाटेसन तथा पाताको छाना भएको | प्रति वर्ग फिट | | रु.३।०० | |

**ख) पुराना घरहरुको अभिलेखीकरण दस्तुर (प्रति वर्ग फिट)**

| क्र.सं | बनोट | प्रति वर्ग फिट | साइडको बजार क्षेत्र | मुल सडक | ग्रामिण क्षेत्र |
|---|---|---|---|---|---|
| १ | ढुंगा माटोको गाह्रो फुसको छाना भएको घरको | प्रति वर्ग फिट | रु.४।० | रु. ६।० | रु. २।० |
| २ | ढुंगा माटोको गाह्रो पत्थर र टीनको छाना भएको | प्रति वर्ग फिट | रु. ६।० | रु. ७।०० | रु. ५।०० |
| ३ | सिमेन्टको गाह्रो ढुंगाको चिनाई टिनको छाना भएको | प्रति वर्ग फिट | रु. ८।०० | रु. ९।०० | रु. ७।०० |
| ४ | सिमेन्टको गाह्रो ढुंगा/इटाको चिनाई आर.सि.सि.भएको | प्रति वर्ग फिट | रु. ९।०० | रु. १०।०० | रु. ८।०० |
| ५ | सिमेन्टको गाह्रो ढुंगा/इटाको चिनाई आर.सि.सि.भएको सरकारी भवन | प्रति वर्ग फिट | रु.११।०० | रु. १२।०० | रु. १०।०० |
| ६ | बजार क्षेत्रमा ग्रिल काठको पाटेसन तथा पाताको छाना भएको | प्रति वर्ग फिट | | रु.६।०० | |

**अनुसूची –१०**

**(दफा १८ सँग सम्बन्धित )**

| क्र.स. | विवरण | वैदेशिक प्रयोजनको लागि अचल सम्पत्ती मुल्याङ्कन दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १ | ५ लाख सम्मको | ५००/– | |
| २ | ५ लाख १ देखी १० लाख सम्म | १०००/– | |
| ३ | १० लाख १ देखी १५ लाख सम्म | १०००/– | |
| ४ | १५ लाख १ देखी २० लाख सम्म | १२००/– | |
| ५ | २० लाख १ देखी २५ लाख सम्म | १३००/– | |
| ६ | २५ लाख १ देखी ३० लाख सम्म | १५००/– | |
| ७ | ३० लाख १ देखी ३५ लाख सम्म | १८००/– | |
| ८ | ३५ लाख १ देखी ४० लाख सम्म | २०००/– | |
| ९ | ४० लाख १ देखी ४५ लाख सम्म | २५००/– | |
| १० | ४५ लाख १ देखी ५० लाख सम्म | ३५००/– | |
| ११ | ५० लाख १ भन्दा माथिको | ५५००/– | |
| **वैदेशिक प्रयोजनको लागि आय मुल्याङ्कन (रु.)** | | | |
| १ | ५ लाख सम्मको | ५००/– | |
| २ | ५ लाख १ देखी १० लाख | ६००/– | |
| ३ | १० लाख १ देखी १५ लाख | ७००/– | |
| ४ | १५ लाख १ देखी २० लाख | ८००/– | |
| ५ | २० लाख १ देखी २५ लाख | ९००/– | |
| ६ | २५ लाख १ देखी ३० लाख | १०००/– | |
| ७ | ३० लाख १ देखी ३५ लाख | ११००/– | |
| ८ | ३५ लाख १ देखी ४० लाख | १२००/– | |
| ९ | ४० लाख १ देखी ५० लाख | १५००/– | |
| १० | ५० लाख १ देखि १ करोड सम्मको | २५००/– | |
| ११ | १ करोड १ देखि १ करोड ५० लाख सम्मको | ३०००/– | |
| १२ | १ करोड ५० लाख १ भन्दा माथि | ४०००/– | |

**अनुसूची –११**

**(दफा ९ सँग सम्बन्धित )**

**विज्ञापन करका दर**

| क्र.स. | विज्ञापनका किसिम | दर(रु.मा) | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिका क्षेत्रभित्रका सार्वजनिक स्थानहरुमा होर्डिङ बोर्डहरुमा प्रति वर्ग फिट बार्षिक | १००/– | |
| २ | निजी स्थानका होर्डिङ बोर्डहरुमा प्रति वर्ग फिट वार्षिक | ९०/– | |
| ३ | व्यवसायिक भित्ते लेखन तथा सटर पेन्टिङ प्रति वर्ग फिट वार्षिक | ४०/– | |
| ४ | पोलमा राखिने विज्ञापन सामाग्री प्रति बोर्ड प्रति साइड ३ गुण ३ फिटसम्मको मात्र | १५००/– | |
| ५ | स्टिकर, व्यानर, हस्तलिखित तथा प्रिन्ट सार्वजनिक स्थानमा प्रति गोटा प्रति हस्ता | १५०/– | |
| ६ | स्टिकर, व्यानर, हस्तलिखित तथा प्रिन्ट निजी स्थानमा प्रति गोटा प्रति हस्ता | १००/– | |
| ७ | व्यवसायिक विज्ञापनका लागि माइकिङ गाडी तथा रिक्साबाट प्रतिदिन | ३००/– | |
| ८ | मादक पदार्थका विज्ञापनमा प्रति स्क्वायर फिट थप | १००/– | |
| ९ | स्टल तथा घुम्ति प्रचार प्रसार प्रति गोटा प्रति दिन | २०००/– | |
| १० | सार्वजनिक तथा निजी स्थानमा गेट, स्वागतद्धार विज्ञापन प्रयोजनका लागि मात्र प्रति हप्ता | १०००/– | |
| ११ | भिज्वल बोर्ड, डिजिटल डिस्प्ले बोर्ड, स्क्रिन बोर्ड, एलसिडि बोर्ड प्रति विज्ञापन प्रति स्वायर फिट | ६००/– | |
| १२ | टुडि बोर्ड, थ्रिडि बोर्ड, फ्लेक्स बोर्ड, ग्लो बोर्ड र अन्य यस्तै प्रकारका बोर्डहरु बार्षिक | ५००/– | |
| १३ | रोडक्रस व्यानर, ओभरहेड व्यानर, तुल व्यानर, पोल व्यानर, बन्टिङ व्यानर, स्टिमर लगायतका प्रति दिन | ७०/– | |
| १४ | छाता, बेलुन, डमी, भ्याकुम, फेन्जर, झण्डा, स्टिमर र अन्य यस्तै प्रकृतिका विज्ञापन प्रति गोटा प्रति दिन | १२५/– | |
| १५ | साना किसिमका व्यवसायिक पोस्टर, पर्चा, पम्पलेट ४ वर्गफिटसम्म प्रतिगोटा प्रतिदिन | ५/– | |
| १६ | साना किसिमका व्यवसायिक पोस्टर, पर्चा, पम्पलेट ४ वर्गफिट भन्दा ठुला प्रतिगोटा प्रतिदिन | १०/– | |
| नोटः नगरपालिका कार्यालयसँग अनुमति लिएर मात्र विज्ञापन सामाग्री टाँस गर्नुपर्नेछ। अनुमति नलिई राखिएका प्रचार सामाग्रीहरुमा दोब्बर दस्तुर लिई जुनसुकै समय हटाउन सकिनेछ। | | | |

**अनुसूची -१२**
**(दफा १७ सँग सम्बन्धित )**
**फोहोरमैला सेवा शुल्कः**

| क. स. | सेवा लिनेको किसिम | वार्षिक सेवा शुल्क दर | कैफियत |
|---|---|---|---|
| १ | **प्रति घरधुरी** | २०० | |
| २ | **मर्मत संभार सेवा तथा ग्यारेज सर्भिस तर्फ** | | |
| २. १ | साईकल, कुकर, पंखा, छाता, स्टोभ मर्मत व्यवसायी | ३०० | |
| २. २ | घडि | २०० | |
| २. | रेडियो तथा साउण्ड सिस्टम | ३०० | |
| २. | टेलिभिजन | ३०० | |
| २. | मोटरसाईकल मर्मत तथा ग्यारेज सर्भिस, मोटर पार्ट्स | ११०० | |
| **३.** | **क्लिकनिक तथा औषधी व्यवसायी** | | |
| ३. १ | अस्पताल तथा नर्सिङ्ग होम | ७५०० | |
| ३. २ | एक्सरे, ल्याव सुविधा सहित डाक्टरको सेवा भएको मेडिकल | ५५०० | |
| ३. ३ | दाँत उपचार केन्द्र | २००० | |
| ३. ४ | डाक्टरको सेवा नभएको मेडिकल | २००० | |
| ३. ५ | सर्जिकल सामान वेच्ने पसल | २००० | |
| ४ | **दुग्ध व्यवसायी/डेरी** | ५०० | |
| **५** | **टेलर्स** | | |
| ५. १ | सामान्य टेलर्स (५ वटा सम्म मेसिन राखेको) | ५०० | |
| ५. २ | व्यवस्थित टेलर्स (5 भन्दा बढी मेसिन राखेको) | १००० | |
| ६ | **सुनचाँदी व्यवसायी** | ३०० | |
| ७ | **भाँडा व्यवसायी** | ७०० | |
| ८ | **होटल व्यवसायी** | | |
| ८. १ | चाट पसल | ९०० | |
| ८. २ | चिया नास्ता होटेल | १३०० | |

| | | | |
|---|---|---|---|
| ८.३ | सामान्य सुविधा सम्मन्न होटेल तथा लज | ३६०० | |
| ८.४ | मध्यम सुविधा सम्पन्न होटेल तथा लज | ७२०० | |
| ८.५ | उच्च सुविधा सम्पन्न होटेल तथा लज | ११००० | |
| **९** | **काँचो कपडा पसल** | ५५० | |
| **१०** | **रेडिमेट, फेन्सी तथा जुत्ता, चप्पल पसल** | ९०० | |
| **११** | **जुत्ता पसल** | ११०० | |
| **१२** | **उन व्यवसायी** | ३०० | |
| **१३** | **टेन्ट हाउस** | ११०० | |
| **१४** | **प्लाष्टिकजन्य पसल** | ३०० | |
| **१५** | **शैक्षिक संस्था (नीजि तथा सामुदायिक विद्यालय, कम्प्यूटर प्रशिक्षण केन्द्र)** | ५५० | |
| **१६** | **सञ्चार सेवा तर्फ (केवललाईन, ईन्टरनेट सेवा प्रदायक, स्थानीय एफ.एम.)** | ४०० | |
| **१७** | **छपाई तथा प्रकाशन (छापाखाना)** | ५५० | |
| **१८** | **वित्तीय सेवा तर्फ** | | |
| १८.१ | सहकारी तथा विमा | ४०० | |
| १८.२ | मनि ट्रान्स्फर | ४०० | |
| १८.३ | वैंक तथा वित्तीय निकाय | १००० | |
| **१९** | **तरकारी तथा फलफूल व्यवसाय** | | |
| १९.१ | घुम्टी खालको पसल | ३०० | |
| १९.२ | तरकारी पसल (सानो) | ४०० | |
| १९.३ | तरकारी मण्डी | ७५० | |
| **२०** | **माछा मासु व्यवसायी/पसल** | ४०० | |
| **२१** | **हेयर सैलुन तथा सौन्दर्यकला व्यूटी पार्लर** | | |
| २१.१ | व्यूटी पार्लर | ४०० | |
| २१.२ | हेयर सैलुन | ७५० | |

| | | | |
|---|---|---|---|
| २१.३ | कस्मेटिक पसल तथा चुरा पोते पसल | ४०० | |
| २२ | आर्ट व्यवसायी | ३०० | |
| २३ | मदिरा पसल | ७५० | |
| २४ | मेटल वर्कशप (ग्रील सटर निर्माण तथा मर्मत) | ४०० | |
| २५ | स्टिल, काठ, फर्निचर तथा कार्पेट व्यवसायी | ७५० | |
| २६ | मिल | ५५० | |
| २७ | घुम्टी खालको पसल | २०० | |
| २८ | खुद्रा तथा फूटकर व्यवसायी | ५५० | |
| २९ | डिपामेन्टल शप/होलसेल व्यापरी | ९०० | |
| ३० | हार्डवयर तथा सिमेन्ट पसल | ७५० | |
| ३१ | सिसा पसल | ११०० | |
| ३२ | विघूत सामाग्री पसल | ११०० | |
| ३३ | एग्रोभेट पसल | ५५० | |
| ३४ | कुखुरा, चल्ला तथा दाना वितरण व्यवसायी | ५५० | |
| ३५ | पान पसल | २०० | |
| ३६ | फोटो स्टुडियो | ३०० | |
| ३७ | चस्मा पसल | ३०० | |
| ३८ | ग्याँस डिलर/अन्य डिलर | ४०० | |
| ३९ | गिफ्ट कर्नर, खेलौना तथा माला पसल | ५५० | |
| ४० | कवाडी संकलन केन्द्र | १८०० | |
| ४१ | आल्मुनीयम पसल | ५५० | |
| ४२ | मोवाईल पसल | ५५० | |
| ४३ | अन्य छुटको सन्दर्भमा व्यवसायको प्रकृति हेरी | | |
| ४४ | संरचना एवम् घर निर्माण तथा मर्मत संभार गर्दा निस्काशित फोहोरको व्यवस्थापन गर्दा फोहोर निस्काशनकर्तांले वुझाउनु पर्ने सेवा शुल्क | | |
| ४४.१ | १ पावर टेलर वा सो भन्दा कम | १००० | |
| ४४.२ | १ टेक्टर | ३००० | |
| ४४.३ | १ टिप्पर | १०००० | |
| ४५ | घर एवम् संरचना निर्माणका क्रममा सडक एवम् फूटपाथमा तोकिए बमोजिमको समयसम्म सामाग्री राख्न अनुमति शुल्क | | |
| ४५.१ | पिच सडकमा सवारी आवागमनमा असर नपर्ने गरी अनुमति दिंदाको ४८ घन्टा सम्म | निशूल्क | |
| ४५.२ | पिच सडकमा सवारी आवागमनमा असर नपर्ने गरी अनुमति दिंदाको ३ दिन सम्म दैनिक | १०० | |

| | | | |
|---|---|---|---|
| ४५ .३ | पिच सडकमा सवारी आवागमनमा असर नपर्ने गरी अनुमति दिंदाको ७ दिन सम्म दैनिक | २०० | |
| ४५ .४ | पिच सडकमा सवारी आवागमनमा असर नपर्ने गरी अनुमति दिंदाको ७ दिन भन्दा माथि दैनिक | ३०० | |

**अनुसूची –१३**

**(दफा ६ को उपदफा १ र २ सँग सम्बन्धित )**

**जडीबुटी निकासी कर**

| क.सं. | जडीबुटीका प्रकार | इकाई | करका दर |
|---|---|---|---|
| १ | खोटो निकासी | प्रति के.जी. | रु.२ |
| २ | चुत्रो | प्रति के.जी. | रु.२ |
| ३ | पाखनीवेद | प्रति के.जी. | रु.२ |
| ४ | सुगन्धवाल जरा | प्रति के.जी. | रु.२ |
| ५ | कालीकाठ | प्रति के.जी. | रु.२ |
| ६ | गुर्जो | प्रति के.जी. | रु.२ |
| ७ | टिमुर | प्रति के.जी. | रु.२ |
| ८ | गुजरगानो | प्रति के.जी. | रु.२ |
| ९ | दालचिनी | प्रति के.जी. | रु.२ |
| १० | अल्लो | प्रति के.जी. | रु.२ |
| ११ | वन पैदावारबाट भएको आम्दानी दस्तुर | | कुल आम्दानीको १० प्रतिशत |
| १२. सरकारी प्रति जग्गामा भएको ढुङगा, गिट्टी,वालुवा र माटो उत्खनन् | | | |
| १२.१ | हेभी टिप्पर/ट्रक | प्रति ट्रिप | १३५०/– |
| १२.२ | मिनी ट्रक सानो | प्रति ट्रिप | ९००/– |
| १२.३ | ट्याक्टर | प्रति ट्रिप | ४५०/– |
| १३ | कवाडी | प्रति के.जी. | रु.२ |

प्रमाणिकरण मितिः२०८३।०३।३२

आज्ञाले

पदम बहादुर बुढा(क्षेत्री)

प्रमुख प्रशासकीय अधिकृत